गन्यापधुरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गणेशपुर, डडेल्धुरा

सुदुरपश्चिम प्रदेश, नेपाल

## आ.व.२०७६/०७७ का लागि ढुंगा गिट्टी, वालुवालगायतको कर तथा शुल्क संकलनको ठेक्कासम्बन्धी बोलपत्र अव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७६।०४।२४**

जिल्ला समन्वय समितिको मिति २०७६।०३।१७ गतेको निर्णयबाट स्वीकृत प्रारम्भिक वातावरणीय मूल्याँकन (IEE) प्रतिवेदन तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा (२) को घ, (६), उपदफा (४) ञ तथा सोही ऐनको दफा ६४ को उपदफा (१) को च मा व्यवस्था भएवमोजिम यस गा.पा. क्षेत्र भित्रबाट संकलन भई आन्तरिक खपत वा अन्य न.पा./गा.पा. निकासी पैठारीका लागि ढुंगा, गिट्टी, वालुवा, माटोमा आ.व.२०७६/०७७ का लागि अन्तरिक आयसम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तोकिएको दरेटमा तपशिल बमेजिमको विवरण र शर्तहरुको अधिनमा रही कर दस्तुर शुल्क संकलन गर्नका लागी ठेक्का लिन इच्छुक फर्म, कम्पनी वा व्यक्तिबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यस गाउँपालिकाबाट जारी गरेको बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र/ठेक्का नं. | नदिजन्य सामग्री, कर तथा दस्तुर संकलन क्षेत्र | न्यूनतम ठेक्का मूल्य रु (मू.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु | संकलन गर्न पाउने अधिकतम परिमाण | दररेट प्रति घनमिटर (मू.अ.कर बाहेक) |
|---|---|---|---|---|---|
| ०१/R/०७६/०७७ | स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE) मा उल्लेखित भए बमोजिम गन्यापधुरा गाउँपालिका अन्तरगत लामाखेती नदी/गाड(रुवाखोला देखी नाङरीताल वगर क्षेत्र वारी पारी र नाङरी तालदेखि कोरालखोला सम्म गाउँपालिकाको क्षेत्र तर्फ) | १५,०३,३२७।५० | ३,०००।०० | ढुङ्गा, गिट्टी, वालुवा=३०,०६६।५५ | ढुङ्गा, गिट्टी, वालुवाको रु.५०।०० |

**शर्तहरु**

१. बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७६/०७७ सम्मको फर्म नवीकरण, आ.व.२०७४/०७५ को आयकर चुक्ता प्रमाणपत्र पेश गरी सूचना प्रकाशित भएको मितिले १५औं दिन सम्म कार्यालय समयभित्र यसै कार्यालयबाट वा नेपाल राष्ट्रिय वाणिज्य बैंक डडेल्धुरा शाखामा रहेको यस कार्यालयको सचित खाता नं. ४०२०३०४०१८१०६ बाट खरिद गरी १६औं दिनको १२:०० बजे सम्म शिलबन्दी बोलपत्र दाखिला गरी सक्नुपर्नेछ र रित पुऱ्याई प्राप्त हुन आएकाबोलपत्र १६औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र गाउँपालिका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन। बोलपत्र फाराम खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको लगत्तै पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

२. बोलपत्र फाराम साथ धरौटीवापत मूल्य अभिवृद्धि करसमेत कूल कबोल अंकको ५(पाँच) प्रतिशतले हुने रकम जमानत स्वरुप नेपाल राष्ट्रिय वाणिज्य बैंक डडेल्धुरा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ४०२०३०३००७१०६ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र पेश गर्ने सूचना प्रकाशन भएको मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंक/ वितीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको ग्यारेन्टी (बिड बन्ड) पेश गर्नु पर्नेछ।

३. बोलपत्रदाताले नेपाल सरकारको प्रचलित कानुन, सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन,२०७६ र सुदुरपश्चिम प्रदेशको नदी जन्य पदार्थ व्यवस्थापन कार्य विधि २०७५ को अधिनमा रही बन्ने कार्यविधि तथा IEE स्वीकृती गर्ने सम्बन्धी जिल्ला समन्वय समितिको मिति. २०७६।०३।१७ गते को निर्णय र IEE प्रतिवेदनको परिपालना गर्नुपर्नेछ।

४. आ.व.२०७६/०७७ का लागि कर संकलन अवधि सम्झौतामा उल्लेख भएको मिति देखि **२०७७ जेठ मसान्त** सम्म हुनेछ।

५. बोलपत्र स्वीकृत भई सम्झौता भएपश्चात कुनै किसिमको थप छुट, मिनाहा वा माफी दिइने छैन।

६. कूल कबोल अंकलाई तीन किस्ता कायम गरिनेछ। पहिलो किस्ता वापत कूल कबोल अंकको ३५% हुन आउने रकम सम्झौता हुनु अगावै बुझाउनुपर्नेछ। र ३५% रकम पुष १५ भित्र बुझाउनु पर्नेछ र बाँकी ३०% रकम बैशाख १५ भित्र बुझाइसक्नु पर्नेछ। कूल कबोल अंकको एकमूष्ट रकम सम्झौताको समयमा नै अग्रिम बुझाएमा औचित्य हेरी मूल्य अभिवृद्धि करबाहेक कबोल अंकको १०% सम्म छुट दिन सकिनेछ ।

७. बोलपत्रकमा दररेट अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। केरमेट भएमा केरमेट भएको ठाउँमा सहीछाप भएको हुनुपर्नेछ।

८. यस गाउँपालिकाको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन।

९. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०. यस सूचनामा उल्लेखित शर्तहरुका अतिरिक्त सम्झौतापत्रमा उल्लेख भए अनुसारका शर्तहरु र अन्य विषयवस्तुहरुको हकमा प्रचलित कानुनबमोजिम हुनेछ।

११. यस गाउँपालिकाको हितलाई ध्यानमा राखी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षीत रहने छ।

१२. यस सम्बन्धी विस्तृत जानकारीwww.ganyapadhuramun.gov.np फोन नं. ९८५८७८८७०७ वा गन्यापधुरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गणेशपुर डडेल्धुराबाट प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

करुणाकर पन्त

प्रमुख प्रशासकीय अधिकृत